**मानव अधिकार जोगाऔं आन्दोलन- नेपाल**

# Defend Human Rights Movement- Nepal

---

## लोकतान्त्रिक मानवअधिकार आयोग गठनको माग

*२०६३ जेष्ठ ८  गते,*

असंवैधानिक रूपमा कानुन संशोधन गरी पुर्नगठन गरिएको राष्ट्रिय मानव अधिकार आयोग प्रतिनिधिसभा पुर्नस्थापना भएको करीब तीनसाता बिसिक्दा पनि पुर्नगठन नगरिनुले शान्तिपूर्ण जनआन्दोलनको भावनाको अपमान भएको छ । प्रधानमन्त्री, प्रधानन्यायाधीश र प्रमुख प्रतिपक्षका नेता सम्मिलित समितिले छनौट गर्नुपर्ने पदाधिकारीहरु त्यसबेला राजाका परराष्ट्र मन्त्रीलगायत विवादास्पद प्रधानन्यायाधीश र सभामुखद्वारा राजा ज्ञानेन्द्रको निगाहमा छानिएका थिए ।

राष्ट्रिय मानवअधिकार संस्थाहरुको गठन सम्बन्धी “पेरिस सिद्धान्तहरु” का मान्यता विपरीत २०६२ जेष्ठ १ ३ मा त्यस्तो अवस्थामा केही व्यक्तिहरूलाई मानवअधिकारको पदाधिकारी बनाइएको थियो, जतिबेला देशका अगुवा मानवअधिकारकर्मीहरू जेल, निर्वासन वा उपत्यकाभित्र बन्दीको अवस्थामा रहेका थिए । त्यस्तो पुर्नगठनको राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा मानवअधिकार समुदायले तत्कालै विरोध पनि जनाएको थियो ।

राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरूको नियुक्ति स्वतन्त्रता, निष्पक्षता, दक्षता एवं व्यावसायिकता माथि ध्यान दिँदै  मानवअधिकारको संरक्षण तथा सम्बर्द्धनमा योगदान पु¥याएका, लोकतन्त्र तथा नागरिक स्वतन्त्रतामा विश्वास गर्ने व्यक्तिहरूमध्येबाट मात्र हुनु पर्छ भन्ने मान्यतामा अडिग छौं ।

हामी मानवअधिकार समुदाय राष्ट्रिय मानव अधिकार आयोगको यथाशीघ्र पुनर्गठनका लागि आवश्यक कदमहरू चाल्न  सरकारसंग जोडदार माग गर्दछौं ।

*मानवअधिकारकर्मी समुदायका तर्फबाट*

**सुबोधराज प्याकुरेल**
स्टेरिङ कमिटी सदस्य

**शोभाकर बुढाथोकी**
स्टेरिङ कमिटी सदस्य

---

*प्रारम्भमा २५ मानव अधिकारकर्मी संस्थाहरुको सञ्जालका रुपमा परिचित मानव अधिकार जोगाऔं-नेपालको स्थापना माघ १९, २०६१ को शाही कदम पश्चात् देशमा जारी लोकतन्त्र स्थापनाका आन्दोलनका पक्षमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जनमत तयार गर्ने उद्देश्यले भएको हो ।*